तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक नं. १०९ औँ
मितिः २०८३।०६।१२ गते, सोमवार
समयः दिउँसो १२:१० बजे
स्थानःगाउँ कार्यपालिकाको कार्यालय
अध्यक्षता गर्ने व्यक्तिः प्रेम श्रेष्ठ

उपस्थितिः

सि.न.	पद	नाम, थर	हस्ताक्षर	कैफियत
१	अध्यक्ष	श्री प्रेम श्रेष्ठ		
२	उपाध्यक्ष	श्री लाल वहादुर थापा		
३	वडा अध्यक्ष वडा नं.१	श्री भुवन सिं चिदी		
४	वडा अध्यक्ष वडा नं. २	श्री यादव प्रसाद अर्याल		
५	वडा अध्यक्ष वडा नं. ३	श्री चित्र वहादुर थापा		
६	वडा अध्यक्ष वडा नं. ४	श्री तुल बहादुर आले		
७	वडा अध्यक्ष वडा नं. ५	श्री ईन्द्र कुमारी चिदी		
८	वडा अध्यक्ष वडा नं. ६	श्री टोम वहादुर पुन		
९	कार्यपालिका सदस्य	श्री पम्फा मगर		
१०	कार्यपालिका सदस्य	श्री धनी कुमारी बगाले		
११	कार्यपालिका सदस्य	श्री कुमारी सुनार		
१२	कार्यपालिका सदस्य	श्री गंगा कुमारी राना बगाले		
१३	कार्यपालिका सदस्य	श्री सन्तोष दमाई परियार		
१४	कार्यपालिका सदस्य	श्री छविलाल गहतराज सुनार		
१५	सदस्य सचिव	श्री फर्सुराम भट्टराई		

अन्य उपस्थिति

सि.न.	पद	नाम, थर	हस्ताक्षर	कैफियत
१	शाखा अधिकृत	लक्ष्मी कुँवर		
२	व.प्रे.अ.	कार्तिनाथ आचार्य		
३	प्रा.अ.	हरि प्र. वराजुली		
४.	लेखा अधिकृत	शंकर पुरी		

प्रस्तावहरुः

१. विपद् ब्यवस्थापन सम्बन्धमा,
२. बालमैत्री स्थानीय शासन सम्बन्धमा,
३. एँम्बुलेन्स संचालन सम्बन्धमा,
४. प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम पठाउने सम्बन्धमा,
५. विविध ।

निर्णयहरुः

निर्णय नं. १:

प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०८३ असोज ८ गतेदेखी ११ गते सम्म परेको अविरल वर्षाको कारण गाउँपालिकामा भएको क्षतिको वडागत रुपमा विश्लेषण गरियो । नागरिकहरुका भौतिक संरचनामा भएको क्षतिको वडा कार्यालय र स्थानीय प्रहरी चौकीको समन्वयमा मुचुल्का तयार पारी पालिकाको विपद् ब्यवस्थापन समितिमा पेश गर्ने र पहिरोले गर्दा बन्द रहेका सडकहरु यथाशीघ्र संचालन गर्न वडा नं ३ र ६ मा पालिकाको डोजर प्रयोग गर्ने तथा वडा नं. १, ४ र ५ मा घण्टा बेसिसमा डोजर भाडामा लिई (जिल्ला दररेटमा तोकेको प्रतिघन्टाको दरमा नवढ्ने गरी) संचालन गर्ने निर्णय गरियो । साथै डोजर भाडाको खर्च रकम सम्बन्धित वडाको दशैँ मोटरबाटो सोरसार शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

प्रस्ताव नं. २ मा छलफल गर्दा बालमैत्री स्थानीय शासन सम्बन्धमा वडागत रुपमा हासिल भएका सूचकहरुको समीक्षा गरी बाँकी रहेका सूचकहरु हाँसिल गर्न भईरहेका प्रयासहरुलाई तीव्रता दिने र वडागत रुपमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दै २०८३ माघ मसान्तसम्म बालमैत्री स्थानीय शासन घोषणा गर्न अधिकतम पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ मा छलफल गर्दा नेपाल रेडक्रस सोसाईटी तिनाउ उपशाखाको स्वामित्वमा रही विगत तीन वर्षदेखी बिग्रिएर रहेको एम्बुलेन्स तिनाउ गाउँपालिकाको स्वामित्वमा ल्याई आबश्यक मर्मत सम्भार गरी गाउँपालिकाकै मातहतमा राखी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत दरवन्दी तेरिज बमोजिम स्थायी पदपूर्ति हुने पदमा रिक्त रहेका लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ र ऐ. नियमावली, २०८१ बमोजिम स्थानीय निजामती

सेवाका विभिन्न समुह/ उपसमुह अन्तर्गतका रिक्त पदहरुको विवरण सहितको माग-आकृति फाराम प्रदेश लोक सेवा आयोगमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गरी देहायका निर्णयहरु गरियो ।

क) संघीय सशर्त अनुदानबाट तलव भत्ता खाने गरी विद्यालयहरुमा नियुक्त भएका देहायका शिक्षक/कर्मचारीहरुको संघीय अनुदानबाट प्राप्त हुने तलव - भत्तामा चालु आर्थिक वर्षमा गाउँपालिकाले देहाय बमोजिमको रकम थप गर्ने,

देहायः

सि.न.	पद	संघीय अनुदानबाट प्राप्त हुने रकम	गाउँपालिकाबाट थप हुने रकम	जम्मा
१	बालविकास सहजकर्ता	१७,०००।००	५,०००।००	२२,०००।००
२	बालविकास सहजकर्ता (पालिका)	-	२२,०००।००	२२,०००।००
३	लेखा कर्मचारी	२०,०००।००	५,०००।००	२५,०००।००
४	विद्यालय सहयोगी	१५,०००।००	५,०००।००	२०,०००।००
५	सि.एल. सी.परिचालिका	१२,०००।००	८,०००।००	२०,०००।००

ख) मस्याम माध्यमिक विद्यालयमा सञ्चालित छात्रावास ब्यवस्थापनमा तिनाउ गाउँपालिबाट तलव भत्ता खाने गरी नियुक्त भएका देहायका पदाधिकारीहरुको चालु आर्थिक वर्षको तलव भत्ता देहाय बमोजिम हुने गरी कायम गर्ने,

देहायः

सि.न.	पद	चालु आ.व. को लागि कायम हुने तलव	कैफियत
१	होस्टल वार्डेन, छात्र तर्फ	२२,०००।००	
२	होस्टेल वार्डेन, छात्रा तर्फ	१२,०००।००	शिक्षक थप
३	भान्से	१८,५००।००	
४	कार्यालय सहयोगी	१८,५००।००	

ग) तिनाउ गाउँपालिका वडा नं. २ र ३ मा विपन्नताका कारण हालसम्म सौचालय निर्माण नगरेका नागरिकहरुलाई भुईमा ढलान गरी ट्वाईलेटको प्यान राखी जस्ता पाताले घेरेको र पक्की खाडल निर्माण गर्न वडा स्तरीय अनुगमन समितिको सिफारिसका आधारमा बढीमा रु १०,०००।०० (अक्षरुपी रु दश हजार मात्र) अनुदान उपलब्ध गराउने ।